# गैंडाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎०७८-५०३१८४


प. सं. : ०८१/८२ - शिक्षा
च.नं. : ४८५

मिति २०८२।०३।२०

श्री सबै संस्थागत माध्यामिक विद्यालयहरु
गैंडाकोट नगरपालिका ।

**विषय : कक्षा ११/१२ का विद्यार्थीको छात्रवृत्ति छनोट कार्यक्रम बारे ।**

प्रस्तुत विषयमा यस पालिका अन्तरगतका शैक्षिक सत्र २०८२/२०८३ मा कक्षा ११ को कक्षा सञ्चालन गर्ने विद्यालयहरुमा नयाँ विद्यार्थीहरुका लागि संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०७४ अनुसार छात्रवृत्ति कार्यक्रममा छनोट गर्न यो सूचना प्रकाशन गरिएको छ । गत शैक्षिक २०८१ मा कक्षा ११ मा भर्ना भएका कुल विद्यार्थी संख्याको १० % संख्या एकीन गरी प्रत्येक विद्यालयले देहायमा उल्लेख गरेका विवरणका आधारमा कार्य सम्पन्न गरी शिक्षा, युवा तथा खेलकुद शाखामा मिति २०८२।४।१५ गते सम्म सम्पूर्ण विवरण पेश गर्नु हुन अनुरोध छ । परीक्षामा सहभागी नभै कुनै विद्यार्थीलाई छात्रवृत्तिमा छनोट भएको भनी पठाउने विवरण अभिलेखका लागि मान्य हुने छैन ।

<u>देहाय</u>

१) विद्यार्थी र अभिभावकलाई छात्रवृत्तिका लागि आवेदन माग गरिएको सूचना सबै विद्यालयले सबैको सूचनाको पहुँचमा पुग्ने गरी प्रचार प्रसार गर्ने ।

२) मिति २०८२।३।२२ बाट कम्तिमा १५ दिनको म्याद राखी निवेदन माग गर्ने ।

३) कक्षा १० मा अध्ययन गर्ने मुख्य विषयको (नेपाली, गणित, विज्ञान,अङ्ग्रेजी सामाजिक तथा समासामयिक र सूचना प्रविधि विषय) वस्तुगत प्रश्नहरु (बहुवैकल्पिक १८*५ + १० = १०० ) बाट १०० पूर्णाङ्क हुने गरी परीक्षा सञ्चालन गर्नु पर्नेछ । विद्यालयले तयार पारेको प्रश्न र उत्तर कुञ्जिका शिक्षा युवा तथा खेलकुद शाखामा मिति २०८२।०४।०५ सम्ममा मोडेरेसनका लागि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

४) परीक्षा सञ्चालन हुने मितिः २०८२।०४।१० गते । समय : विद्यालयलको छात्रवृत्ति व्यवस्थापन समितिले निर्धारण गरे अनुसार हुने । मेरिट निर्धारण गर्दा विद्यार्थीले प्राप्त गरेको GPA लाई २०% सम्म भार कायम गर्न सकिने ।

५) छात्रवृत्ति प्राप्त गर्ने कुल सङ्ख्यालाई १०० मानी निम्न क्लाष्टरका आधारमा संख्या निर्धारण गर्नेः- जेहेन्दार ३७%, विपन्नता ३६%, जनजाति १०%, दलित ५ %, अपाङ्ग ३%, जनआन्दोलनका घाईते परिवारका सन्तति ३%, शहिद सन्तति २%, वेपत्ता परिवारको सन्तति २% र मधेश आन्दोलनका घाईतेका सन्तति २% । कुन क्लष्टरको क्षेत्र भित्र पर्ने हो भन्ने निर्क्योल गर्न सम्बन्धित पालिका वा जिल्ला प्रशासन कार्यलयबाट प्राप्त प्रमाणलाई आधार मान्नु पर्ने छ ।

प. सं. : ०८१/८२ - शिक्षा

च.नं. :

विपन्नतका हकमा व्यक्ति स्वयंले गरेको स्वघोषणालाई समेत आधार मान्न सकिनेछ । यी विषयमा विद्यार्थीलाई आवेदन भर्ने समयमा नै स्पष्ट पार्नु पर्दछ ।

६) विद्यार्थीले एक भन्दा बढी क्लाष्टरमा परीक्षा दिन चाहेमा सोको समेत प्रमाण पुग्ने कागजातका आधारमा अवसर दिनु पर्दछ र उच्चतम अंक तथा विद्यार्थीको पहिलो रोजाईको मेरीटका आधारमा छात्रवृत्ति निर्धारण गर्नुपर्नेछ । (उल्लेखित कोटामा ५० प्रतिशत संख्या छात्राको हुनु पर्नेछ )

७) विद्यालयले प्रदान गरेको सूचना तथा यसै सूचनालाई आधार मानी गैंडाकोट नगर पालिकाको छात्रवृत्ति व्यवस्थापन समिति तथा कार्यालयबाट अनुगमन हुने कुरा समेत जानकारी गराईन्छ । अनुगमनका समयमा छात्रवृत्ति समितिबाट भएका सबै कार्यहरुको अभिलेख समेत साथै हुन पर्नेछ ।

डा. बालकृष्ण चापागाईं

(नगर शिक्षा अधिकारी)

कायार्थ : सूचना प्रविधि शाखा, वेभसाइटमा अपलोड गरिदिनु हुन ।